# सिन्धुली जिल्ला अदालत
## सिन्धुलीमाडी

पत्र संख्या:-०८०/८१
चलानी नः-

फोन नं. ०४७-५२०४६१
E-mail.-info.dcsindhuli@supremecourt.gov.np


मिति २०८०/१२/२५

ने.सं. ११४४ चिल्लागा १४ आईतबार

सूचना प्रकाशन मितिः-२०८०।१२।१८ गते

विषयः-अदालत प्रवेश सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस अदालतको काम कारवाहीमा सहजता र प्रभावकारिता कायम गर्न तथा सुरक्षा व्यवस्था समेतलाई मध्य नजर राखी यस अदालत परिसर भित्र देहायका व्यक्तिहरू बाहेक अन्य व्यक्तिहुरूलाई प्रवेश नगर्न र प्रवेश गर्नुपर्ने अत्यावस्यक काम परेको अवस्थामा अदालतको अनुमति पत्र (गेटपास परिचय पत्र) लगाएर मात्र प्रवेश गर्नुपर्ने छ। मिति २०८०।१२।१८ गतेवाट बेसरोकारवाला व्यक्तिहरू गेटपास परिचयपत्र नलगाई प्रवेश गरेमा कानून बमोजिम कारवाही गरिने बेहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ।

**अदालतमा प्रवेश गर्न पाउने व्यक्तिहरू:-**

१. यस अदालतका कर्मचारीहरू
२. परिचयपत्र लगाएका कामको सिलसिलामा अन्य कार्यालयबाट आएका कर्मचारीहरू
३. सुरक्षा निकायका कर्मचारीहरू
४. कानून व्यवसायीहरू,
५. लेखापढी कानून व्यवसाय गर्ने लेखापढी व्यवसायीहरूले आफ्नो लोगो, ड्रेस कोड तोकिएको भए सो समेत स्पष्ट देखिने गरी लगाएको
६. ड्रेसमा र आ-आफ्नो परिचय-पत्र नलगाई प्रवेश गर्न पाईने छैन,
७. मुद्दामा सरोकार पर्ने तारेख लिन आउने र अन्य कामको लागि प्रवेश गर्ने व्यक्तिहरूले आफ्नो परिचय-पत्र खुल्ने प्रमाण देखाई गेटपास (परिचयपत्र) लगाएर मात्र प्रवेश गर्नुपर्ने छ र आफ्नो काम सकिएपछि गेटपास (परिचयपत्र) फिर्ता गरी तुरुन्त वाहिर जानुपर्ने छ।

२०८०।१२।१८

बिदुर प्रसाद कोईराला
श्रेस्तेदार (उप-सचिव)

श्रेस्तेदार
उप-सचिव